# स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन

# आ.व. २०८३।०८४

## कार्यान्वयन निकायः प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

मा.मन्त्रीज्यूबाट स्वीकृत मितिः २०८३।०४।२५


कोशी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

विराटनगर, मोरङ

**क्रियाकलाप सञ्चालनका क्रममा ध्यान दिनुपर्ने मुख्य बुँदाहरुः**

**अनिवार्य दायित्वतर्फः**

१) स्थायी कर्मचारीको हकमा १०% वृद्धि भएको तलब पारिश्रमिक खर्च शीर्षक २११११ मा विनियोजित रकमबाट भुक्तानी गर्नुहुन र नयाँ आधार तलबको १०% प्रोत्साहन खर्चवापतको रकम स्वीकृत दरबन्दीभित्र कार्यरत स्थायी कर्मचारीहरुलाई मात्र खर्च शीर्षक २११३५, “स्थायी कर्मचारीको प्रोत्साहन भत्ता(१.२.५.५)” क्रियाकलापमा विनियोजित रकमबाट भुक्तानी गर्नुहुन।

२) प्रदेश निजामती कर्मचारीको पोशाक सम्बन्धी कार्यविधि, २०८३ बमोजिम कोशी प्रदेश सरकारबाट स्थानीय पोशाक प्रवर्द्धनका गर्नका लागि बुधबार र शुक्रबार स्थानियता झल्किने पोशाक लगाउने प्रयोजनार्थ प्रदान गर्न व्यवस्था गरिएको रु.५५००/- समेत साविकको पोशाक खर्च रकममा जोडी हिमाली जिल्लामा जम्मा रु. २०५००/- र अन्य जिल्लामा जम्मा रु.१५५००/- रकम चैत्र महिनामा प्रदेश दरबन्दी भित्रका स्थायी र दरबन्दी करार सेवाका कर्मचारीहरुलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुहुन र अन्य करारमा कार्यरत कर्मचारीहरुका लागि करार सम्झौतामा लेखिएबमोजिम भुक्तानी गर्नुहुन।

३) “मन्त्रालय र अन्तर्गतका कर्मचारीका लागि केन्द्रीकृत विद्युतीय हाजिरीका आधारमा प्रदान गरिने खाजा खर्च” क्रियाकलापमा प्रदेश दरबन्दी भित्रका स्थायी र दरबन्दी भित्रका करार कर्मचारीका लागि मात्र विनियोजन गरिएको हुँदा सोही अनुसार भुक्तानी व्यवस्थापन गर्नुहुन।

४) कार्यालयमा विनियोजित खाजा खर्चको रकम भुक्तानी गर्दा ई-हाजिरीको आधारमा मात्र गर्न सकिनेछ। विहान बेलुकी दुवै समयको हाजिरी भएको दिनको मात्र खाजा खर्च भुक्तानी गर्नुहुन।

५) प्लास्टिकबाट हुने वातावरण र पर्यावरणीय असर न्यूनीकरण गर्न, पानीजन्य सरुवा रोगको जोखिम कम गर्ने कार्यमा टेवा पुर्याउन एवं बजारी मिनरल वाटर तथा जारको पानीमाथिको निर्भरता कम गर्नका लागि सम्पूर्ण कार्यालयहरुले RO water purifier अनिवार्य जडान गरी कार्यालयमा स्टिलको बोतलबाट पिउने गरी शुद्ध पिउने पानीको व्यवस्थापन गर्नुहुन।

६) व्यक्तिगत प्रयोजनका लागि वा सार्वजनिक विदाको दिनमा वा कार्यालयको कामबाहेकको प्रयोजनमा सरकारी सवारी साधन र इन्धन प्रयोग नगर्नुहुन।

७) कार्यक्रमतर्फ विनियोजित रकमबाट इन्धनवापतको रकम भुक्तानी नगर्नुहुन।

८) स्थायी र दरबन्दीभित्रका करार कर्मचारीको तलब, अनिवार्य दायित्व र प्रदेशमा प्रचलित नियम कानूनको परिधि भित्रका भत्ता/खर्च, पानी, बिजुली र सञ्चार महशुलका हकमा अपुग भएको प्रमाणित भएको खण्डमा मात्र बजेट व्यवस्थापन हुने भएको हुँदा उल्लिखित क्रियाकलापमा मात्र रकमान्तर प्रस्ताव गर्नुहुन। असोज महिना अगाडि रकमान्तरको व्यवस्था नभएकाले पहिलो त्रैमासिकमा रकमान्तर प्रस्ताव नगर्नुहुन।

९) अन्य कार्यालय सञ्चालन सम्बन्धी चालु खर्च शीर्षकहरुमा विनियोजित बजेटभित्रबाटै व्यवस्थापन हुने गरी क्रियाकलाप कार्यान्वयन योजना बनाउनुहुन।

१०) स्रोत सुनिश्चित नभईकन दरबन्दीबाहेकको करारमा कर्मचारी नियुक्ति गरी कामकाजमा खटाउँदा भविष्यमा कर्मचारी पारिश्रमिकका लागि बजेट व्यवस्थापनको सुनिश्चितता नहुने हुँदा त्यस्तो अनियमित गतिविधि नगर्नुहुन।

११) कार्यालयको काममा भ्रमणमा जाँदा अनिवार्य रुपमा भ्रमणको उद्देश्य स्पष्ट उल्लेख भएको भ्रमण लगबुकमा अद्यावधिक गर्नुहुन।

१२) गाडी तथा दुईपाङ्ग्रे सवारी साधनको बीमा तथा नवीकरण (Full) समयमा भुक्तानी गर्नुपर्नेछ र समयमा नतिरी दस्तुर जरिवाना तिर्नुपर्ने भएमा कार्यालय प्रमुख स्वयं जिम्मेवार हुनुपर्नेछ।

१३) दैनिक भ्रमण भत्ता भर्दा यातायात व्यवस्था विभागमा सार्वजनिक गरिएको भाडादर अनुसारको यातायात खर्च भर्ने व्यवस्था मिलाउनुपर्नेछ वा सुनिश्चित गर्नुपर्नेछ।

१४) नियमानुसार सुविधामा प्राप्त हुने हकमा बाहेक अन्य कर्मचारीले व्यक्तिगत प्रयोजनका लागि कार्यालयको विद्युत उपभोग गर्दा अनिवार्य सवमिटर जडान गरी सोहीअनुसार व्यक्तिगत भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

१५) "स्वास्थ्य सामग्री प्रसारण" कार्यक्रमका लागि बजेट विनियोजन भएका कार्यालयले आफ्नो जिल्लाको प्रमुख स्वास्थ्य समस्या र समसामयिक स्वास्थ्य समस्या सम्बोधन हुने गरी सिर्जनात्मक स्वास्थ्य सामग्रीहरु बढीभन्दा बढी नागरिकको पहुँचमा पुग्ने गरी प्रसारण गर्नुपर्नेछ र सोको भिडियो/अडियो कपी मन्त्रालयमा समेत पेस गर्नुपर्नेछ।

**कार्यक्रमतर्फः**

१. स्वीकृत कार्यक्रमहरुको एकरुपता एवं प्राविधिक सहजीकरणका लागि यस निर्देशिका तयार भएको हुनाले यसै निर्देशिकाले तोकेबमोजिम नै कार्यक्रम सञ्चालनको व्यवस्था गर्नुपर्नेछ। यस मार्गदर्शनमा उल्लिखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ।

२. कार्यक्रम सञ्चालनका लागि क्षेत्रगत फोकल व्यक्ति तोकी सोको जानकारी मन्त्रालय तथा निर्देशनालायलाई गराउनुपर्नेछ र सो फोकल व्यक्तिलाई सम्बद्ध क्षेत्रको कार्यक्रम गर्ने मात्र नभई आफ्नो जिम्मेवारीमा परेको क्षेत्रको तथ्याङ्क सङ्कलन गर्ने, स्थानीय तहका क्रियाकलापहरु सञ्चालनमा आवश्यक सहजीकरण गर्ने, त्यस क्षेत्रसँग सम्बन्धित क्षेत्रका नीति, निर्देशिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, लक्ष्यहरु स्थानीय तहसम्मै शेयर गर्ने, स्थानीय तहलाई यस क्षेत्रका gap पहिचान गर्न सहयोग गर्ने र रेकर्डिङ्ग रिपोर्टिङ्ग चुस्त राख्न निरन्तर नियमन तथा पृष्ठपोषण गर्ने सम्मका क्रियाकलाप गर्न कार्यालयप्रमुखले निर्देशन गर्नुपर्नेछ ।

३. यस मार्गदर्शन अनुरुप प्रत्येक कार्यालयले आफ्नो कार्यालयमा विनियोजित बजेटअनुसारको कार्यक्रम सञ्चालन कार्ययोजना बनाई अख्तियार प्राप्त व्यक्तिबाट स्वीकृत गर्नुपर्नेछ जसमा कम्तीमा पनि कार्यक्रमको बेहोरा,

समयसीमा, सञ्चालन प्रक्रियामा बजेट विभाजन, जिम्मेवार शाखा वा व्यक्ति अनिवार्य तोक्नुपर्नेछ र वर्षभरीको कार्यक्रम क्यालेन्डर बनाई सो अनुरुप कार्य गर्नुपर्नेछ।

४. प्रत्येक कार्यक्रम सुरू गर्नुपूर्व कार्यक्रम सञ्चालन प्रक्रिया, अनुमानित खर्च, सहभागी तथा स्रोतव्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लिखित टिप्पणी आदेश स्वीकृत भएपश्चात् कार्यक्रम सञ्चालन गर्नु गराउनुपर्नेछ।

५. प्रत्येक कार्यक्रम सञ्चालन गर्दा गराउँदा कार्यक्रमको प्रकृति र बजेटको परिधिभित्र रही प्रचलित **"सार्वजानिक खरिद ऐन, २०६३"**, **"सार्वजानिक खरिद नियमावली २०६४"**, "भ्रमण ऐन, नियमावली, आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ को प्रचलित **"सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका"**(कुनै ऐन,नियमावली, कार्यविधि, निर्देशिका नयाँ निर्माण भएको सोही अनुसार समेत) बमोजिम गर्नुपर्नेछ।

६. **प्रदेश स्वास्थ्य तालिम केन्द्र र तालिम प्रदान गर्ने निकायको हकमाः**

  क. स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने सम्पूर्ण तालिमका लागि आ.व.को सुरुमा प्रदेश मातहतका प्रत्येक अस्पताल तथा कार्यालयमा कार्यरत कर्मचारीको अनिवार्य प्राथमिकताका आधारमा तालिम अनुसार सूची तयार पारी तालिमको तालिका बनाउनुपर्नेछ।

  ख. तालिम सञ्चालनका लागि प्रदेश भित्र तालिम साइट नभए वा भएका साइटहरूले गुणस्तर मापदण्ड पूरा नगरेको भए प्रदेश बाहिर रहेको तालिम साइट खुलाई टिप्पणी स्वीकृत गराएर मात्र प्रदेश बाहिर तालिम सञ्चालन गर्नुपर्नेछ। यसरी प्रदेश बाहिर तालिम सञ्चालन गर्नु पर्ने भएमा स्वास्थ्य मन्त्रालयसँग राय लिई सञ्चालन गर्नुपर्नेछ।

१०. कार्यक्रमको प्रगतिको अवस्था (पटक, परिमाण, लाभग्राही सङ्ख्या, प्रमूख उपलब्धि, वित्तीय प्रगति लगायत गुणात्मक र परिमाणात्मक तथ्याङ्क समावेश गरी) तोकिएको ढाँचामा त्रैमासिक र वार्षिक रुपमा स्वास्थ्य मन्त्रालय र मन्त्रालयको नीति योजना तथा समन्वय शाखाको इमेल yojana.moh@p1.gov.np मा र स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ।

११. यो मार्गदर्शन साथै कार्यालयबाट बनाइएको कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालनको अनुगमन एवं सहजीकरणको व्यवस्था स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नुपर्नेछ।

विषयसूची:

१. क्रियाकलाप (कोड)/खर्च शीर्षक: CR X-ray APF Pakali (११.३.९.१६९)/ ३११२२ ........................ २

२. क्रियाकलाप(कोड)/खर्च शीर्षक: आधारभूत स्वास्थ्य सेवा सुदृढीकरणका लागि औजार उपकरण खरिद (११.३.९.१७०)/ ३११२२ ........................ ३

३. क्रियाकलाप(कोड)/खर्च शीर्षक: अस्पताल सेवामा डिजिटलाइजेसनका लागि EHR/EMR software खरिद (११.६.३.१३)/३११३४........................ ४

४. क्रियाकलाप(कोड)/खर्च शीर्षक: निशुल्क औषधि तथा अन्य औषधि खरिद (७.२.९.१)/२७२१३.... ५

५. क्रियाकलाप(कोड)/खर्च शीर्षक: हेमोफिलिया बंशाणुगत रोगहरुको ब्यवस्थापनको लागि औषधि खरिद (७.२.९.३१)/२७२१३ ........................ ६

६. क्रियाकलाप(कोड)/खर्च शीर्षक: आपतकालीन/महामारी व्यवस्थापनका लागि औषधि (**Buffer stock**) खरिद (७.२.९.४८)/२७२१३ ........................ ७

७. क्रियाकलाप(कोड)/खर्च शीर्षक: **Anti rabies Vaccine** खरिद (७.२.९.४८)/२७२१३.................. ८

८. क्रियाकलाप(कोड)/खर्च शीर्षक: प्रदेश मातहतका अस्पतालहरुको औजार उपकरण मर्मत (२.३.२.३)/२२२२१........................ ९

९. क्रियाकलाप(कोड)/खर्च शीर्षक: **BMET workshop** सञ्चालन (२.७.२२.१८३३)/२२५२२ ............ ९

१०. क्रियाकलाप(कोड)/खर्च शीर्षक: औषधि गुणस्तर परीक्षण (२.७.२२.१८३४)/२२५२२ ............१०

११. क्रियाकलाप(कोड)/खर्च शीर्षक: आपूर्ति व्यवस्थापनका लागि अनुगमन एवं नियमन (२.८.१.२६)/२२६११ ........................११

१२. क्रियाकलाप (कोड)/खर्च शीर्षक: **AI Xray Machine for TB Screening** (११.३.९.१६७)/ ३११२२ ........................ १

१३. क्रियाकलाप(कोड)/खर्च शीर्षक: नसर्ने रोगका लागि औषधि खरिद (७.२.९.४६)/ २७२१३......... २

१४. क्रियाकलाप(कोड)/खर्च शीर्षक: मानसिक रोगको लागि औषधि खरिद (७.२.९.४७)/२७२१३ ...... ३

अनुसुची १ : आधारभुत स्वास्थ्य सेवा सुदृढिकरणका लागी खरिद गर्नुपर्ने औजार तथा उपकरण............. ५

अनुसुची २: निःशूल्क औषधीको नामावली........................१३

| १. क्रियाकलाप (कोड)/खर्च शीर्षकः CR X-ray APF Pakali (११.३.९.१६९)/ ३११२२ | |
|---|---|
| **परिचय** | एपीएफ अस्पताल पकलीमा गुणस्तरीय तथा सहज रेडियोलोजी सेवा उपलब्ध गराउन CR X-Ray प्रणाली खरिद, जडान तथा सञ्चालन गरिनेछ। |
| **उद्देश्य** | गुणस्तरीय र प्रभावकारी डायग्नोस्टिक सेवा विस्तारका लागि CR X-Ray मेसिन खरिद गरी एपीएफ अस्पताल पकलीमा रेडियोलोजी सेवा उपलब्ध गराउँदै रोगहरूको समयमै निदान तथा उपचार व्यवस्थापनमा सहयोग पुर्‍याई अस्पतालको निदान क्षमता अभिवृद्धि गर्ने। |
| **अपेक्षित उपलब्धि** | १. एपीएफ अस्पताल पकलीमा CR X-Ray मेसिन जडान तथा सञ्चालन भएको हुनेछ।<br>२. सेवाग्राहीले स्थानीय स्तरमै गुणस्तरीय डिजिटल रेडियोलोजी सेवा प्राप्त गर्ने वातावरण सिर्जना भएको हुनेछ।<br>३. उपचार तथा रेफरल प्रक्रियामा सुधार भई स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धि भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. CR X-ray मेसिन खरिद गर्दा प्रदेश मातहतका बायोमेडिकल ईन्जिनियर वा सम्बन्धित विषय विशेषज्ञबाट USFDA वा ISO/CE प्रमाणित उपकरण सुनिश्चित हुने गरी प्राविधिक स्पेसिफिकेसन तयार गर्नुपर्नेछ।<br>२. खरिद सम्झौतामा कम्तीमा २ वर्षको Warranty Period उल्लेख गरी उक्त अवधिभरको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै सुनिश्चित गर्नुपर्नेछ।<br>३. स्पेसिफिकेसनमा कम्तीमा ३ वर्षको Maintenance Contract सम्बन्धी स्पष्ट कार्यसर्त अनिवार्य रूपमा समावेश गरिएको हुनुपर्नेछ।<br>४. स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई समेत आधार लिन सकिनेछ।<br>५. खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सम्पन्न गर्नुपर्नेछ।<br>६. खरिद तथा आपूर्ति प्रक्रिया सम्पन्न पश्चात् CR X-ray मेसिन तोकिएको स्पेसिफिकेसन अनुसार भए/नभएको यकिन गर्न बायोमेडिकल इञ्जिनियर वा सम्बन्धित विषय विशेषज्ञबाट अनिवार्य रूपमा परीक्षण गराई Post Delivery Inspection Report तयार गर्नुपर्नेछ। |
| **अभिलेखन/ प्रतिवेदन** | १. खरिद प्रक्रिया सम्पन्न पश्चात् अनलाइन सूचना प्रणाली (PAMS V2 वा प्रचलित सूचना प्रणाली) मा प्रविष्ट गर्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले CR X-ray मेसिन खरिद, जडान तथा हस्तान्तरण पश्चात् सोको विवरण स्वास्थ्य मन्त्रालयलाई पेस गर्नुपर्नेछ। |

| २. **क्रियाकलाप(कोड)/खर्च शीर्षकः आधारभूत स्वास्थ्य सेवा सुदृढीकरणका लागि औजार उपकरण खरिद (११.३.९.१७०)/ ३११२२** | |
|---|---|
| **परिचय** | प्रदेश मातहतका अस्पताल तथा स्वास्थ्य कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा आधारभूत स्वास्थ्य सेवाको गुणस्तर, पहुँच तथा प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक स्वास्थ्य सेवा सम्बन्धी औजार, उपकरण तथा सामग्रीहरूको खरिद, आपूर्ति तथा व्यवस्थापनका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| **उद्देश्य** | आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक औजार तथा उपकरणहरूको उपलब्धता मार्फत् स्वास्थ्य संस्थाहरूको सेवा क्षमता, गुणस्तर, पहुँच तथा प्रभावकारिता अभिवृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहयोग पुऱ्याउने। |
| **अपेक्षित उपलब्धी** | खरिद भएका औजार उपकरणहरुमार्फत् आधारभुत स्वास्थ्य संस्थाबाट नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्नेछन्। |
| **सञ्चालन प्रक्रिया** | १. प्रदेश मातहतका अस्पताल तथा स्वास्थ्य कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरूको आवश्यकता, सेवा भार तथा प्राथमिकताका आधारमा **अनुसुची १** बमोजिमका औजार तथा उपकरणहरू खरिद गर्नुपर्नेछ।<br>२. औजार उपकरण खरिद गर्दा प्रदेश मातहतका बायोमेडिकल इञ्जिनियर वा सम्बन्धित विषय विशेषज्ञबाट USFDA तथा ISO/CE प्रमाणित उपकरण सुनिश्चित हुने गरी प्राविधिक स्पेसिफिकेसन तयार गर्नुपर्नेछ।<br>३. स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई समेत आधार लिन सकिनेछ।<br>४. खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सम्पन्न गर्नुपर्नेछ।<br>५. खरिद तथा आपूर्ति प्रक्रिया सम्पन्न पश्चात् औजार उपकरण तोकिएको स्पेसिफिकेसन अनुसार भए/नभएको यकिन गर्न बायोमेडिकल इञ्जिनियर वा सम्बन्धित विषय विशेषज्ञबाट अनिवार्य रूपमा परीक्षण गराई Post Delivery Inspection Report तयार गर्नुपर्नेछ।<br>६. उपकरणहरूलाई सुरक्षित भण्डारण गरी स्वीकृत वितरण योजना अनुसार सम्बन्धित स्वास्थ्य संस्थाहरूमा आपूर्ति तथा हस्तान्तरण गर्नुपर्नेछ। |
| **अभिलेखन/ प्रतिवेदन** | १. खरिद प्रक्रिया सम्पन्न पश्चात् अनलाइन सूचना प्रणाली (PAMS V2 वा प्रचलित सूचना प्रणाली) मा प्रविष्ट गर्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले औजार तथा उपकरणहरू मेसिन खरिद, जडान तथा हस्तान्तरण पश्चात् सोको विवरण स्वास्थ्य मन्त्रालयलाई पेस गर्नुपर्नेछ। |

| ३. क्रियाकलाप(कोड)/खर्च शीर्षकः अस्पताल सेवामा डिजिटलाइजेसनका लागि EHR/EMR software खरिद (११.६.३.१३)/३११३४ | |
|---|---|
| **परिचय** | प्रदेश मातहतका अस्पताल सेवाहरूलाई व्यवस्थित, प्रभावकारी, गुणस्तरीय तथा प्रविधि मैत्री बनाउन Electronic Health Record (EHR) / Electronic Medical Record (EMR) Software खरिद, जडान तथा सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। यस प्रणालीमार्फत् बिरामीको स्वास्थ्य अभिलेख, उपचार विवरण, प्रयोगशाला प्रतिवेदन, औषधि व्यवस्थापन तथा अस्पताल व्यवस्थापन सम्बन्धी सूचनाहरूको डिजिटल अभिलेखीकरण तथा व्यवस्थापन गरिनेछ। |
| **उद्देश्य** | अस्पताल सेवाको डिजिटल रूपान्तरणमार्फत् स्वास्थ्य अभिलेख व्यवस्थापन, सेवा प्रवाह, तथ्याङ्क तथा प्रतिवेदन प्रणालीलाई सुदृढ बनाई अस्पताल व्यवस्थापन तथा निर्णय प्रक्रियामा सूचना प्रविधिको प्रभावकारी उपयोग सुनिश्चित गर्ने। |
| **अपेक्षित उपलब्धी** | अस्पतालको सेवा प्रवाह, बिरामी अभिलेख व्यवस्थापन तथा उपचार प्रक्रियालाई डिजिटल, छिटो, सुरक्षित र गुणस्तरीय बनाउँदै सेवा दक्षता तथा पारदर्शिता अभिवृद्धि हुनेछ। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. आवश्यकता तथा प्राथमिकताका आधारमा EHR/EMR Software सञ्चालन गरिने अस्पतालहरूको छनोट गर्नुपर्नेछ।<br>२. प्रणालीका प्राविधिक आवश्यकता तथा Specification तयार गर्दा सम्बन्धित विषय विशेषज्ञबाट स्पेसिफिकेसन तयार गर्नुपर्नेछ।<br>३. खरिद गरिएको Software मा आवश्यक Hardware, Network तथा Data Security व्यवस्थासँग प्रणालीलाई एकीकृत गर्ने सुनिश्चितता आपूर्तिकर्ताबाट नै गर्नका लागि सुनिश्चित गर्नुपर्नेछ।<br>४. खरिद गरिएको Software को installation, Configuration, Testing तथा Commissioning आपूर्तिकर्ताबाट नै गर्नका लागि सुनिश्चित गर्नुपर्नेछ।<br>५. सम्बन्धित स्वास्थ्यकर्मी तथा प्रशासनिक कर्मचारीहरूलाई Software सञ्चालन सम्बन्धी तालिम तथा अभिमुखीकरण प्रदान आपूर्तिकर्ताबाट नै गर्नका लागि सुनिश्चित गर्नुपर्नेछ।<br>६. स्पेसिफिकेसनमा कम्तीमा ३ वर्षको Maintenance Contract सम्बन्धी स्पष्ट कार्यसर्त अनिवार्य रूपमा समावेश गरिएको हुनुपर्नेछ।<br>७. स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई समेत आधार लिन सकिनेछ।<br>८. खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सम्पन्न गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ९. खरिद तथा आपूर्ति प्रक्रिया सम्पन्न पश्चात् Software स्पेसिफिकेसन अनुसार भए/नभएको यकिन गर्न सम्बन्धित विषय विशेषज्ञबाट अनिवार्य रूपमा परीक्षण गराई Post Delivery Inspection Report तयार गर्नुपर्नेछ। |
| **अभिलेखिकरण/ प्रतिवेदन** | १. खरिद प्रक्रिया सम्बन्धी सम्पूर्ण कागजात खरिद, सम्झौता, स्थापना, हस्तान्तरण तथा सञ्चालनसम्बन्धी सम्पूर्ण कागजात/अभिलेख अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण प्रयोजनका लागि सुरक्षित राख्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले प्रणाली खरिद, स्थापना तथा हस्तान्तरण पश्चात् सोको विवरण स्वास्थ्य मन्त्रालयलाई पेस गर्नुपर्नेछ। |

| **४. क्रियाकलाप(कोड)/खर्च शीर्षकः निशुल्क औषधि तथा अन्य औषधि खरिद (७.२.९.१)/२७२१३** | |
|---|---|
| **परिचय** | प्रदेश मातहतका अस्पताल तथा स्वास्थ्य कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा आधारभूत स्वास्थ्य सेवा सुनिश्चितताका लागि आवश्यक निःशुल्क वितरण गरिने औषधि तथा अन्य आवश्यक औषधिहरूको नियमित उपलब्धता सुनिश्चित गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले स्वास्थ्य संस्थाहरूको आवश्यकता, खपत तथा मौज्दातको आधारमा औषधिहरूको पूर्वानुमान, खरिद, भण्डारण तथा आपूर्ति व्यवस्थापन गरी सेवा प्रवाहमा निरन्तरता कायम गर्नेछ। |
| **उद्देश्य** | आधारभूत स्वास्थ्य सेवा सुनिश्चितताका लागि आवश्यक औषधि तथा औषधिजन्य सामग्रीको खरिद गरी निःशुल्क वितरण गरिने तथा अन्य आवश्यक औषधिहरूको नियमित उपलब्धता सुनिश्चित गर्दै औषधि अभाव न्यूनीकरण, आपूर्ति व्यवस्थापन सुदृढीकरण तथा स्वास्थ्य सेवाको प्रभावकारी र निरन्तर सञ्चालनमा सहयोग पुऱ्याउने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाका लागि **अनुसुचि** २ बमोजिमका आवश्यक निःशुल्क औषधि तथा औषधिजन्य सामाग्रीहरूमध्ये स्वास्थ्य सेवा विभागद्वारा प्रदेशले खरिद गर्नु पर्ने वर्गिकृत औषधि मात्र खरिद गर्नुपर्नेछ। चालु आ.व. का लागि गरिएको पूर्व प्रक्षेपणका (Quantification and Forecasting) आधारमा खरिद गर्नुपर्नेछ।<br>२. स्पेसिफिकेसन तयार गर्दा उपचारात्मक सेवा महाशाखाले तयार गरेको Technical specification bank (TSB) अनुसार खरिद गर्नुपर्नेछ। औषधिको अनिवार्य रुपमा कम्तीमा उपलब्ध भएसम्म सेल्फ लाइफ दुई तिहाई भएको हुनुपर्नेछ।<br>३. औषधि खरिद गर्दा स्थानीय तहबाट खरिद हुने औषधिहरुको दोहोरोपना नहुने गरी खरिद गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ४. सम्भव भएसम्म नेपाल औषधि लिमिटेडबाट उपलब्ध गराउन सक्ने औषधिहरु G to G माध्यमबाट खरिद गर्नुपर्नेछ।<br>५. औषधि खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम DDA मा दर्ता भएका WHO-GMP Certified उत्पादकको औषधि खरिद गर्नुपर्नेछ।<br>६. खरिद पश्चात् औषधिको Post Delivery inspection सम्बन्धित जनशक्तिबाट गराउनुपर्नेछ र आवश्यकतानुसार औषधिको गुणस्तर जाँच गर्नुपर्नेछ।<br>७. खरिद पश्चात सो औषधिहरू प्रदेश मातहतका सबै अस्पताल र स्वास्थ्य कार्यालयहरूमा ढुवानी, हस्तान्तरण गर्नुपर्नेछ। |
| **अभिलेखकरण/ प्रतिवेदन** | १. औषधि खरिदपश्चात् सोको विस्तृत विवरण र खपत चुस्त रुपमा PAMS V2 वा प्रचलित सूचना प्रणालीमा मा प्रविष्ट गर्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले औषधि खरिद तथा ढुवानी पश्चात् सोको विवरण स्वास्थ्य मन्त्रालयलाई पेस गर्नुपर्नेछ। |

| **५. क्रियाकलाप(कोड)/खर्च शीर्षकः हेमोफिलिया बंशाणुगत रोगहरुको ब्यवस्थापनको लागि औषधि खरिद (७.२.९.३१)/२७२१३** | |
|---|---|
| **परिचय** | हेमोफिलिया रोगबाट प्रभावित बिरामीहरूको उपचार तथा व्यवस्थापनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीहरूको नियमित उपलब्धता सुनिश्चित गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमार्फत् आवश्यकता निर्धारण, खरिद, भण्डारण तथा आपूर्ति व्यवस्थापन गरी सम्बन्धित स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि उपलब्ध गराइनेछ। |
| **उद्देश्य** | हेमोफिलियाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक औषधिहरूको निरन्तर उपलब्धता सुनिश्चित गर्दै लक्षित बिरामीहरूको गुणस्तरीय जीवनयापन तथा प्रभावकारी उपचारका लागि आवश्यक औषधि खरिद गर्ने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले प्रदेश स्थित हेमोफिलिया सोसाइटी, नेपालसँग आवश्यक समन्वय गरी हेमोफिलिया उपचार व्यवस्थापनका लागि खरिद गर्नुपर्ने आवश्यक औषधिको सूची तथा परिमाण निर्धारण गर्नुपर्नेछ।<br>२. औषधि खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम DDA मा दर्ता भएका WHO-GMP Certified उत्पादकको औषधि खरिद गर्नुपर्नेछ।<br>३. खरिद पश्चात् औषधिको Post Delivery inspection सम्बन्धित जनशक्तिबाट गराउनुपर्नेछ र आवश्यकतानुसार औषधिको गुणस्तर जाँच गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ४. खरिद पश्चात् सो औषधिहरू सम्बन्धित रोगका विरामीहरुको आवश्यकता अनुसार उपलब्धता हुने गरी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले भण्डारण, व्यवस्थापन तथा ढुवानी गर्नुपर्नेछ। |
| **अभिलेखकरण/ प्रतिवेदन** | १. औषधि खरिदपश्चात् सोको विस्तृत विवरण र खपत चुस्त रुपमा PAMS V2 वा प्रचलित सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले औषधि खरिद तथा ढुवानी पश्चात् सोको विवरण स्वास्थ्य मन्त्रालयलाई पेस गर्नुपर्नेछ। |

| **६. क्रियाकलाप(कोड)/खर्च शीर्षकः आपतकालीन/महामारी व्यवस्थापनका लागि औषधि (Buffer stock) खरिद (७.२.९.४८)/२७२१३** | |
|---|---|
| **परिचय** | आपतकालीन, महामारीजन्य तथा विपद्का अवस्थाहरूमा आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीहरूको अभाव हुन नदिन प्रदेश स्तरमा पर्याप्त मौज्दात (Buffer Stock) कायम राख्न यो कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले जोखिम मूल्याङ्कन, आवश्यकता निर्धारण, खरिद, भण्डारण तथा आपूर्ति व्यवस्थापन मार्फत् आपतकालीन अवस्थामा स्वास्थ्य संस्थाहरूलाई आवश्यक औषधि तथा सामग्रीको समयमै उपलब्धता सुनिश्चित गर्नेछ। |
| **उद्देश्य** | आपतकालीन, महामारीजन्य तथा विपद्का अवस्थाहरूमा आवश्यक औषधिको Buffer Stock कायम गरी स्वास्थ्य संस्थाहरूमा औषधिको निरन्तर उपलब्धता तथा आपूर्ति शृङ्खलाको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. विगतका महामारी, प्रकोप, खपत दर तथा जोखिम विश्लेषणका आधारमा आवश्यक औषधि तथा सामग्रीहरूको सूची र परिमाण निर्धारण गर्नुपर्नेछ।<br>२. औषधि खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम DDA मा दर्ता भएका WHO-GMP प्रमाणीकरण गरिएको उद्योगबाट उत्पादित औषधि खरिद गर्नुपर्नेछ।<br>३. स्पेसिफिकेसन तयार गर्दा उपचारात्मक सेवा महाशाखाले तयार गरेको Technical specification bank (TSB) अनुसार खरिद गर्नुपर्नेछ। औषधिको अनिवार्य रुपमा कम्तीमा उपलब्ध भएसम्म सेल्फ लाइफ दुई तिहाई भएको हुनुपर्नेछ।<br>४. खरिदपश्चात् औषधिको Post Delivery inspection सम्बन्धित जनशक्तिबाट गराउनुपर्नेछ र आवश्यकतानुसार औषधिको गुणस्तर जाँच गर्नुपर्नेछ।<br>५. स्वास्थ्य आपतकालीन अवस्था, महामारी वा प्रकोपको समयमा स्वीकृत माग तथा निर्णयका आधारमा सम्बन्धित स्वास्थ्य संस्थाहरूमा औषधि तथा सामग्री आपूर्ति गर्ने। |
| **अभिलेखकरण/ प्रतिवेदन** | १. औषधि खरिद पश्चात् सोको विस्तृत विवरण र खपत चुस्त रुपमा PAMS V2 वा प्रचलित सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ। |

| | |
|---|---|
| | २. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले औषधि खरिद तथा ढुवानी पश्चात् सोको विवरण स्वास्थ्य मन्त्रालयलाई पेस गर्नुपर्नेछ। |

| **७. क्रियाकलाप(कोड)/खर्च शीर्षकः Anti rabies Vaccine खरिद (७.२.९.४८)/२७२१३** | |
|---|---|
| **परिचय** | रेबिज एक शतप्रतिशत रोकथाम गर्न सकिने तर लक्षण देखिएपछि प्रायः मृत्युदर उच्च हुने संक्रामक रोग हो। जनावरको टोकाइ वा चिथोरेको कारण रेबिज संक्रमणको जोखिममा परेका व्यक्तिहरूलाई समयमै उपचार सेवा उपलब्ध गराउन Anti Rabies Vaccine (ARV) को नियमित उपलब्धता सुनिश्चित गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले आवश्यकताको आधारमा खोप खरिद, भण्डारण तथा स्वास्थ्य संस्थाहरूमा आपूर्ति व्यवस्थापन गर्नेछ। |
| **उद्देश्य** | रेबिज जोखिममा परेका व्यक्तिहरूका लागि Anti Rabies Vaccine को नियमित उपलब्धता सुनिश्चित गर्दै खोप आपूर्ति व्यवस्थापन प्रणालीलाई सुदृढ बनाई रेबिजबाट हुने मृत्यु न्यूनीकरणमा योगदान पुऱ्याउने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. प्रदेश मातहतका अस्पताल तथा स्वास्थ्य कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरूको माग, खपत, मौज्दात तथा पूर्वानुमानका आधारमा (संघिय सरकारबाट आपूर्ति हुनसकेको वा माग भन्दा कम आपूर्ति भएको खण्डमा) खोपको आवश्यकता निर्धारण गर्नुपर्नेछ।<br>२. खोप खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम गर्नुपर्नेछ।<br>३. स्पेसिफिकेसन तयार गर्दा खोपको अनिवार्य रुपमा कम्तीमा सेल्फ लाइफ दुई तिहाई भएको हुनुपर्नेछ।<br>४. खरिद पश्चात सो खोपहरूको कोल्ड चेन मापदण्ड बमोजिम सुरक्षित भण्डारण सुनिश्चित गर्नुपर्नेछ।<br>५. स्वीकृत वितरण योजना अनुसार प्रदेशमा मातहतका अस्पताल तथा स्वास्थ्य कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा हस्तान्तरण गर्नुपर्नेछ। |
| **अभिलेखकरण/ प्रतिवेदन** | १. खोपको खरिद पश्चात सोको विस्तृत विवरण र खपत चुस्त रुपमा PAMS V2 वा प्रचलित सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले खोप खरिद तथा ढुवानी पश्चात सोको विवरण स्वास्थ्य मन्त्रालयलाई पेस गर्नुपर्नेछ। |

| ८. क्रियाकलाप(कोड)/खर्च शीर्षकः प्रदेश मातहतका अस्पतालहरुको औजार उपकरण मर्मत (२.३.२.३)/२२२२१ | |
|---|---|
| **परिचय** | प्रदेश मातहत सञ्चालित अस्पतालहरूमा रहेका स्वास्थ्य सेवा प्रवाहका लागि प्रयोग हुने चिकित्सकीय औजार, उपकरण तथा मेसिनहरूको नियमित सञ्चालन, कार्यक्षमता तथा उपयोगिता कायम राख्न आवश्यक मर्मत तथा सम्भार कार्य सञ्चालन गरिनेछ। यस कार्यक्रम मार्फत् बिग्रिएका वा आंशिक रूपमा सञ्चालनमा रहेका उपकरणहरूको मर्मत गरी स्वास्थ्य सेवाको निरन्तरता तथा गुणस्तर सुनिश्चित गरिनेछ। |
| **उद्देश्य** | प्रदेश मातहतका अस्पतालहरूमा रहेका चिकित्सा औजार तथा उपकरणहरूको नियमित मर्मत तथा सम्भारमार्फत् कार्यक्षमता कायम राखी स्वास्थ्य सेवा प्रवाहलाई निरन्तर, प्रभावकारी र गुणस्तरीय बनाउने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. अस्पतालहरूबाट प्राप्त उपकरणहरूको अवस्था, मर्मत आवश्यकताको विवरण तथा प्राविधिक प्रतिवेदन संकलन गर्नुपर्नेछ र उपकरणहरूको प्राथमिकता निर्धारण गरी मर्मत तथा सम्भार योजना तयार गर्नुपर्नेछ।<br>२. आवश्यकता अनुसार प्रदेश मातहतका बायोमेडिकल ईन्जिनियर, उत्पादक कम्पनी, आधिकारिक सेवा प्रदायक वा दक्ष प्राविधिक मार्फत् मर्मत कार्य सम्पन्न गर्नुपर्नेछ।<br>३. प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आवश्यक सेवा, औजार तथा उपकरणहरू खरिद वा मर्मत कार्य सञ्चालन गर्नुपर्नेछ।<br>४. मर्मत सम्पन्न भएका उपकरणहरूको परीक्षण तथा प्रमाणीकरण गरी पुनः सञ्चालनमा ल्याउनुपर्नेछ। |
| **अभिलेखकरण/ प्रतिवेदन** | १. मर्मत सम्पन्न उपकरणहरूको विवरण BEMIS मा प्रविष्ट/अद्यावधिक गर्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले औजार उपकरण मर्मत पश्चात् सोको विवरण स्वास्थ्य मन्त्रालयलाई पेस गर्नुपर्नेछ। |

| ९. क्रियाकलाप(कोड)/खर्च शीर्षकः BMET workshop सञ्चालन (२.७.२२.१८३३)/२२५२२ | |
|---|---|
| **परिचय** | प्रदेश मातहतका अस्पताल तथा स्वास्थ्य कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा प्रयोग हुने विभिन्न बायोमेडिकल उपकरणहरूको सुरक्षित तथा प्रभावकारी सञ्चालन सुनिश्चित गर्न नियमित समस्या पहिचान, परीक्षण, गुणस्तर प्रमाणीकरण सुनिश्चित तथा मर्मत गर्नको लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा BMET workshop सञ्चालन गरिनेछ। |
| **उद्देश्य** | स्वास्थ्य संस्थाहरूमा प्रयोग भइरहेका बायोमेडिकल उपकरणहरूको कार्यक्षमता, सुरक्षा तथा गुणस्तर सुनिश्चित गरी भरपर्दो स्वास्थ्य सेवा प्रवाहमा सहयोग पुऱ्याउनु। |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. प्रदेश मातहतका अस्पताल तथा स्वास्थ्य कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरू बाट प्राप्त उपकरणहरूको समस्या पहिचान, परीक्षण, गुणस्तर प्रमाणीकरण सुनिश्चित तथा मर्मत आवश्यकताको विवरण तयार गर्नुपर्नेछ।<br>२. स्वास्थ्य संस्थाहरूमा प्रयोग भइरहेका विद्युतीय चिकित्सा उपकरणहरूको Safety, Analyzer, Simulator जस्ता परीक्षण, गुणस्तर प्रमाणीकरण सुनिश्चित तथा मर्मत गर्नुपर्नेछ।<br>३. स्वास्थ्य उपकरण व्यवस्थापन, Preventive Maintenance, Corrective Maintenance, Calibration, Safety Protocol जस्ता कुराहरूको बारेमा सम्बन्धित लाई जानकारी प्रदान गर्नुपर्नेछ।<br>४. वर्कसपकै लागि आवश्यक पर्ने Diagnostic Equipment, TADA, Annual Maintenance equipment आदिमा खर्च गर्न सकिनेछ । |
| अभिलेखकरण/ प्रतिवेदन | १. प्रत्येक परीक्षण पश्चात् परीक्षण प्रतिवेदन (Test Report) तयार गरी सम्बन्धित स्वास्थ्य संस्थालाई उपलब्ध गराउनुपर्नेछ।<br>२. मर्मत, परीक्षण गरिएका उपकरणहरूको अभिलेख, BEMIS को रेकर्ड प्रणालीमा प्रविष्ट/अद्यावधिक गर्नुपर्नेछ। |

| **१०. क्रियाकलाप(कोड)/खर्च शीर्षकः औषधि गुणस्तर परीक्षण (२.७.२२.१८३४)/२२५२२** | |
|---|---|
| परिचय | प्रदेश अन्तर्गत खरिद तथा आपूर्ति गरिने औषधिहरूको गुणस्तर, प्रभावकारिता तथा सुरक्षित प्रयोग सुनिश्चित गर्न औषधिको गुणस्तर परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट आपूर्ति गरिएका औषधिहरूको नमुना संकलन गरी मान्यता प्राप्त प्रयोगशाला मार्फत् गुणस्तर परीक्षण गरिनेछ। परीक्षणको नतिजाका आधारमा गुणस्तरीय औषधिको आपूर्ति सुनिश्चित गर्दै स्वास्थ्य सेवा प्रणाली प्रति जनविश्वास अभिवृद्धि गरिनेछ। |
| उद्देश्य | स्वास्थ्य संस्थाहरूमा आपूर्ति गरिएका औषधिहरूको गुणस्तर सुनिश्चित गर्दै सुरक्षित, प्रभावकारी तथा गुणस्तरीय औषधिमा जनताको पहुँच अभिवृद्धि गर्ने । |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले खरिद गरेका औषधिहरुको गुणस्तर माथि शंका लागेका औषधिहरु तथा अधिक परिमाण तथा धेरै ब्याच भएका औषधिहरुको नमूना संकलन गरी राष्ट्रिय औषधि प्रयोगशाला वा नेपाल सरकारद्वारा मान्यता प्राप्त ल्याबोरेटरीमा गुणस्तर परीक्षणका (औषधिको भौतिक, रासायनिक तथा अन्य आवश्यक गुणस्तर) लागि पठाउनुपर्नेछ।<br>२. राष्ट्रिय औषधि प्रयोगशाला वा नेपाल सरकारद्वारा मान्यता प्राप्त ल्याबोरेटोरीमा गुणस्तर परीक्षणको लागि पठाइएका औषधिहरुको नमुना जाँचको नतिजा सम्बन्धित कार्यालयलाई पठाउने साथै नागरिकलाई समेत जानकारी हुनेगरी आफ्नो वेवसाइटमा राख्नुपर्नेछ। |

| | |
|---|---|
| | ३. यस बजेटबाट औषधि परिक्षण गरे बापतको रकम राष्ट्रिय औषधि अनुसन्धान प्रयोगशालालाई EFT मार्फत् भुक्तानी गर्नुपर्नेछ। |
| **अभिलेखकरण/ प्रतिवेदन** | १. नमुना संकलन, परीक्षण अनुरोध, प्रयोगशाला प्रतिवेदन तथा सम्बन्धित पत्राचारको अभिलेख सुरक्षित राख्नुपर्नेछ।<br>२. कार्य सम्पन्न भए पश्चात् गुणस्तर परिक्षण प्रतिवेदन कार्यालयको वेबसाइटमा राख्नुपर्नेछ। |

| **११. क्रियाकलाप(कोड)/खर्च शीर्षकः आपूर्ति व्यवस्थापनका लागि अनुगमन एवं नियमन (२.८.१.२६)/२२६११** | |
|---|---|
| **परिचय** | प्रदेशमा रहेका अस्पताल तथा स्वास्थ्य कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य सामग्री, औषधि तथा स्वास्थ्यजन्य वस्तुहरूको प्रभावकारी आपूर्ति व्यवस्थापन सुनिश्चित गर्न नियमित अनुगमन तथा नियमन आवश्यक हुन्छ। यस कार्यक्रम मार्फत् औषधि, खोप तथा स्वास्थ्य सामग्रीको (औजार तथा उपकरणहरू) उपलब्धता, भण्डारण अवस्था, वितरण प्रणाली, अभिलेखीकरण, प्रतिवेदन तथा व्यवस्थापन सूचना प्रणालीको प्रयोगको अनुगमन गरी आपूर्ति शृङ्खलालाई सुदृढ बनाइनेछ। |
